# विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह एम.एड.

द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन बिषयको

निर्धारित आंशिक आवश्यता परिपूर्तिको

लागि तयार पारिएको

शोधपत्र

शोधकर्ता

गोविन्द विश्वकर्मा

त्रि.वि दर्ता नं १३०८९-८६

क्यम्पस रोल नं - ३५

शैक्षिक वर्ष- २०६७/६८

परीक्षा रोल नं - २१४००५९

एम.एड. दोस्रो वर्ष

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुन्दरहरैँचा-१२, मोरङ

२०७६

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन शिक्षा विषयमा स्नातकोत्तर तह एम.एड द्धितीय वर्षको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनको लागि “विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको अवस्था” शीर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरिएको छ ।

यस अध्ययनको क्रममा शोधप्रस्ताव तथा अन्तरवार्ता, प्रश्नावली लगायत शोधपत्र तयार गर्ने अन्तिम लेखन सम्म निरन्तर रुपमा सल्लाह सुझाव र प्रोत्साहनका लागि अति व्यस्तताको बावजुद आफ्नो अमूल्य समय दिनुका साथै यो शोधपत्रलाई मूलायाङ्कन समितिमा स्वीकृतिका लागि सिफारिस गरिदिनुहुने आदाणीय गुरु शोध निर्देशक श्री भोजराज घिमिरेज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस शोधकार्य अध्ययन पुरा गर्न पूर्ण रुपमा सहयोग तथा निर्देशन गर्नुहुने आदणीय गुरु तथा विभागिय प्रमुख श्री केशवराज भट्टराईज्यूको हौसला तथा प्रेरणा र अमूल्य सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु ।

यस अध्ययनको क्रममा आफ्ना अमूल्य अनुभव तथा विचारहरुलाई प्रतिक्रियाको रुपमा व्यक्त गरी सहयोग गरिदिनुहुने झापा जिल्ला भद्रपुर नगर शिक्षा शाखाका प्रमुख श्री उद्धव विष्ट ज्यू ,विद्यालयका प्र.अ तथा शिक्षकज्यूहरु , विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु र विद्यार्थी भाइ बहिनीहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

त्यसै गरी यस अध्ययनको क्रममा अनुकूल समय र वातावरण मिलाउन सहयोग पुऱ्याउँने मेरी धर्मपत्नी शारदा वि.कलाई हार्दिक धन्यवाद दिन चाहान्छु । शोधपत्रको भाषा शुद्धाशुद्धि लेखनमा सहयोग पुऱ्याउँनु हुने मेरा अनन्य मित्र श्री खगेन्द्र खतिवडालाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा शोधपत्रलाई मूर्त रुप दिन टंकन, भाषा सम्पादन तथा कम्प्यूटर सेटिङ गरी सहयोग गर्नुहुने मेरा अनन्य मित्र टंकनकर्ता रमेश पोखेललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधकर्ता
गोविन्द विश्वकर्मा
एम.एड. द्धितीय वर्ष

# शोध सार

त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर तह एम.एड द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनको लागि "विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको अवस्था" शीर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरिएको छ । यस शोध अध्ययनको विषय बस्तु "विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरिवेक्षण" रहेको छ । यस अध्ययनमा विद्यालयको सुपरीवेक्षणको अवस्था पहिचान गर्ने, सुपरीवेक्षणका समस्या पत्ता लगाई निराकरणका उपायहरु सुझाउने उद्देश्यहरू रहेको छ । उक्त अध्ययनको क्रममा नगर शिक्षा शाखा प्रमुख, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक तथा शिक्षक, विद्यार्थीहरुका साथै समूह छलफलका लागि प्रश्नावली र विद्यालय अवलोकन फारम समेत प्रयोग गरिएको छ ।

यस शीर्षकमा अनुसन्धान गर्न परिमाणात्मक अनुसन्धान र गुणात्मक अध्ययन ढाँचा अवलम्बन गरिएको छ । अध्ययनको उद्धेश्य पूरा गर्नका लागि भद्रपुर नगरपालिका नगर शिक्षा शाखा प्रमुख एक जना, छनोट गरिएका विद्यालयका प्र.अ.६ जना, व्यवस्थापन समितिका अध्यक्ष ६ जना, अविभावकहरु मध्येबाट ६ जना र प्रत्येक विद्यालयमा अध्ययापन गराउँने शिक्षकहरु २ जना गरी जम्मा ३१ जानलाई यस अध्ययनको नमुनामको रुपमा छनोट गरिएको छ । अध्ययनका सङ्ख्यात्मक तथ्याङ्कलाई अन्तर्वार्ता, समूह छलफल आदिबाट प्राप्त हुने विचारहरूलाई गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचाको रूपमा राखिएको छ ।

यस अध्ययनमा भद्रपुर नगरपालिका नगर शिक्षा शाखा मार्फत अध्ययन गरिएको विद्यालयको वढीमा ३ पटक सम्म विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने गरेको पाईयो, जस अन्तर्गत विद्यालयको कक्षाकोठको अवलोकन र शिक्षकसँगको अन्तर्क्रिया न्यून गरेको पाईयो । विद्यायलको सम्पूर्ण पक्षको अध्ययन गरी प्रतिववेदन तयार गरेको देखिदैन । अर्कोतर्फ प्रधानाध्यापकले भने विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण नियमित रुपमा गरेको देखिएको छ । नगर शिक्षा शाखामा भौतिक कार्यालय व्यवस्थापन राम्रो भएपनि कर्मचारी अभावका कारणले विद्यालयहरुको अनुगमन तथा सुपरीवेक्षण गर्न गाह्रो भएको शाखा प्रमुख बताउनु हुन्छ । प्रधानाध्यपकले विद्यालयको नियमित अनुगमन गरेता पनि विद्यालको सुधार भने

हुन सकेको छैन । त्यसैले नगर शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको समन्वयमा  विद्यालय शिक्षा शिक्षण सिकाइको सुपरीवेक्षण गरेमा प्रभावकारी हुन्छ । यसको महत्वपूर्ण पक्ष कामको मूल्याङ्कन नहुनु, कामअनुसार दण्ड र पुरस्कारको व्यवस्था नहुनु, गरे पनि ठीकै नगरे पनि ठीकैको अवस्था रहेको पाइएको छ । विद्यालयमा सुपरीवेक्षकले दिएको प्रतिवेदनको कार्यान्वयन नभएको, विद्यालय निरीक्षकहरूसँग उच्च र विषयगत दक्षता नरहेको, जसको कारण सबै विषय शिक्षकहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्न नसकेको, निरीक्षकलाई उपलब्ध गराईने आवश्यक सुबिधाहरू ज्यादै न्यून छ भने अर्कोतर्फ सुपरिवेक्षण गर्नुपर्ने विद्यालय संख्या धेरै देखिएको छ । विद्यालय निरीक्षकहरूको विद्यालय सुपरिवेक्षण शैक्षिकभन्दा प्रशासनिक नै बढी भएको पाइएको, सुपरिवेक्षकहरूले कक्षा अवलोकन गर्ने गरेको र शिक्षकसँग सामान्य अन्तरक्रिया गर्ने गरेको तर दिइएका पृष्ठपोषणको कार्यान्वयन भए नभएको अनुगमन ज्यादै कम हुने गरेको पाइएको छ, विद्यालय व्यवस्थापन समितिसँग भेटघाट तथा छलफल गर्ने कामले पनि प्राथमिकता नपाइरहेको अवस्था रहेको पाइएको छ ।

यस अनुशन्धानमा सुझावको रुपमा नीतिगत तहका लागि, कर्यान्वयन तहका लागि र अनुशन्धान तहका लागि आवश्यक सुझाव दिएको छ । जसअनुसार नीतिगत तहमा सबै तह मन्त्रालय, विभाग, जिल्ला शिक्षा समन्वयन एकाई तथा नगर शिक्षा शाखामा दरिलो अनुगमन समयन्त्र स्थापना  गरिनु पर्ने, प्रभावकारी पुरस्कार र दण्डको व्यवस्था गरी कार्य सम्पादनको आधारमा पदोन्नति र राम्रा अवसरहरू प्रदान गर्ने नीति अवलम्वन गरिनु पर्ने, नगर शिक्षा शाखालाई वास्तविक विद्यालयहरुको निरीक्षण केन्द्र बनाउनु पर्ने, समूह सुपरिवेक्षण प्रणाली लागू गर्न सकिएमा प्रभावकारी हुने, शिक्षा शाखा प्रमुख र प्र.अहरुले विद्यालय सुपरिवेक्षणको योजना बनाउनु पर्ने हुन्छ । शिक्षक, विद्यार्थीप्रतिनिधि र वि.व्य.स.पदाधिकारीबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने काम नगर शिक्षा शाखा प्रमुख तथा प्रधानाध्यापकको समन्वयमा गर्नुपर्ने, उनीहरुले दिएको प्रतिवेदन माथि समयमै कारवाही गर्ने व्यवस्था हुनुपर्ने र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले खास गरेर विद्यालयको प्रशासनिक तथा शैक्षिक निरीक्षण गर्न सक्ने सामर्थ्य राख्नु पर्ने सुझाब दिइएको छ ।

## विषय सूचि


| क.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| | **परिच्छेद एक : परिच** | **(१-१४)** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | १० |
| १.३ | अध्ययनको औचित्य | १२ |
| १.४ | अध्ययनको उद्देश्यहरु | १३ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | १३ |
| १.६ | अध्ययनको परिसीमा | १३ |
| १.७ | प्रयोग भएका पारिभषिक तथा प्रविधिक शव्दहरु | १४ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | **(१५-२६)** |
| २.१ | सैद्धान्तिक साहित्यको पुनारावलोकन | १५ |
| २.२ | सम्वन्धित साहित्यको पुनारावलोकन | १७ |
| २.३ | शैक्षिक उपादेयता | २६ |
| | **परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया** | **(२८-३०)** |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २८ |
| ३.२ | जनसंख्या र नमूना छनोट प्रक्रिया | २८ |
| ३.३ | तथ्याङ्क संकलनका साधन | २८ |

३.४ तथ्यांक संकलन प्रक्रिया

३.६ तथ्यांकका स्रोतहरु

३.७ तथ्याङ्क प्रस्तुति, विश्लेषण र व्याख्या ३०

**परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण (३२-४६)**

४.१ विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरिवेक्षणको अवस्था ३२

४.१.१ विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरिवेक्षणको अवस्था ३२

४.१.२ नगर शिक्षा शाखा प्रमुखबाट गरेको सुपरिवेक्षणको अवस्था ३२

४.१.३ नगर शिक्षाशाखा प्रमुखले माद्यमिक विद्यालयमा गरेको सुवरीवेक्षणका अवस्था ३४

४.१.४ प्रधानाध्यपकबाट आधारभूत विद्यालयहरुको निरीक्षण सम्बन्धी अवस्था ३५

४.१.५ प्रधानाध्यापकबमट माद्यमिक विद्यालयहरुमा निरीक्षण सम्बन्धी अवस्था ३६

४.१.६ विद्यालय व्यस्थापन समितिबाछ विद्यालयहरुको सुपरीवेक्षण सम्बन्धी अवस्था ३७

४.२ विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरिवेक्षण गर्दा देखिएका समस्याहरु ३८

४.२.१ आधारभूत विद्यालयमा शिक्षा शिक्षण सिकाइमा सुपरिवेक्षण गर्दा देखिएका समस्याहरुमा सरोकारवालाहरुको धारणा ३९

४.२.२ माद्यमिक विद्यालयमा शिक्षा शिक्षण सिकाइमा सुपरिवेक्षण गर्दा देखिएका समस्याहरुमा सरोकारवालाहरुको धारणा ४१

४.३ विद्यालय शिक्षा शिक्षण सिकाइ सुपरीवेक्षणमा देखिएका समस्याहरुका समाधानका उपायहरु ४२

४.३.१ आधारभूत विद्यालयमा शिक्षा शिक्षण सिकाइ सुपरीवेक्षणमा देखिएका समस्याहरुको समाधानका सम्बन्धमा ४३

४.३.२ माद्ययमिक विद्यालयमा शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षण सम्बन्धी देखिएका समस्याहरुको समाधानमा सरोकारवालाहरको धारणा ४५

४.४ मुख्य प्राप्ति ४६

**परिच्छेद पाँच : निष्कर्ष र सुझाव (४९-५१)**

५.१ निष्कर्ष ४९

५.२ सुझावहरू ५०

५.२.१ नीतिगत तहकालागि सुझाव ५०

५.२.२ कार्यान्वयन तहका लागि सुझाव ५१

५.२.३ अनुसन्धान तहकालागि सुझाव ५१

# तालिका सुचि


तालिका १ : नगर शिक्षाशाखा प्रमुखले आधारभूत विद्यालयमा गरेको सुवरीवेक्षणको अवस्था ३३

तालिका २ :नगर शिक्षाशाखा प्रमुखले माद्यमिक विद्यालयमा गरेको सुवरीवेक्षणको अवस्था ३४

तालिका ३ : प्र.अ. तथा शिक्षकहरुले आधारभूत विद्यालयहरुको निरीक्षण सम्बन्धी अवस्था ३५

तालिका ४ : प्रधानध्यापकबाट माद्यमिक विद्यालयहरुको निरीक्षण सम्बन्धी अवस्था ३६

तालिका ५ : विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणमा देखिएका समस्याहरु ४०

तलिका ६ : माद्यमिक विद्यालयहरुमा विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्ष सम्वन्धी समस्याहरुमा सरोकारवालको धारण ४१

तालिका ७ : आधारभूत विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणमा देखिएका समस्याहरु समाधानका सम्वन्धमा सरोकारवालाहरुको धारणा ४२

तलिका ८ : मध्यामिक विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षण सम्वन्धी देखिएका समस्याहरु समाधानमा सरोकारवालाहरुको धारण ४५